# विकासात्मक पढाइ मूल्याँकन (डिआरए२) को लागि अभिभावकको मार्गदर्शक

DENVER PUBLIC SCHOOLS
Discover a World of Opportunity™

मूल्याँकनहरूले विद्यार्थीहरू, अभिभावकहरू र शिक्षा प्रदायकहरूलाई विद्यार्थीहरूले ग्रेडतहको विषयवस्तुमा विज्ञता हासिल गरेका छन् छैनन् वा २१औं शताब्दीका लागि तयार ग्र्याजुएट हुने मार्गमा छन् छैनन् भन्ने कुराको महत्वपूर्ण जानकारी दिन्छन्। विद्यार्थीहरूले मूल्याँकन तथ्याङ्कहरूबाट लाभ लिन्छन् किनभने शिक्षकहरूलाई विद्यार्थीको आवश्यकता थाहा हुन्छ। शिक्षकहरूले मूल्याँकन तथ्याङ्कबाट लाभ लिन्छन् किनभने आफ्ना विद्यार्थीहरूका आवश्यकताहरू पूरा गर्न उनीहरू शिक्षा प्रदायकका रूपमा विकसित हुन्छन्।

## डिआरए२ के हो ?

विकासात्मक पढाइ मूल्याँकन (डिआरए२) एक-एकजनामा शिक्षकहरूद्वारा किन्डरगार्टन देखि पाँचौं ग्रेडसम्मका विद्यार्थीहरूलाई तिनीहरू उनीहरूको साक्षरता सिकाइमा छन् कि छैनन् भनेर जाँच्न प्रयोग गरिन्छ। यस पेपर र पेन्सिल परीक्षणको प्रमुख उद्देश्य चाहिँ विद्यार्थीको पढाइ तह र सबलताका विशिष्ट क्षेत्रहरू र उनीहरूको साक्षरता विकासमा देखिन सक्ने आवश्यकता पहिचान गर्नु हो।

डिआरए२ ले आफ्नो ग्रेड तह भन्दा तल सम्पादन गरिरहेका विद्यार्थीहरूको पहिचान गर्न र हस्तक्षेप पढाइ योजनाहरू सिर्जना गर्न अभिभावकहरूसँग साझेदारी गर्न कोलोराडो आरइएडि अधिनियमका आवश्यकताहरू पूरा गर्दछ

## मेरो बच्चालाई कहिले परीक्षण गरिन्छ ?

आरइएडि अधिनियम परीक्षण अवधिहरू छ हप्ताका लागि शरदमा र वसन्तमा हुन्छन्। आवश्यक विद्यार्थीहरूलाई परीक्षण गर्नका निमित्त स्कूलहरूसँग सम्पूर्ण परीक्षण अवधि उपलब्ध छ। **तपाईंको बच्चालाई एउटा मूल्याँकन बीस-चालीस मिनट न्युनतम एकदिनमा प्रति अवधि ग्रेड र पढाइ तहमा आधारित रहेर सञ्चालन गरिन्छ, सम्पूर्ण परीक्षण अवधिमा होइन।** न्युनतम तहभन्दा कम प्राप्ताङ्क प्राप्त गर्ने किन्डरगार्टन देखि तेस्रो ग्रेडका विद्यार्थीहरूलाई राज्य कानुन अनुसार, पढाइ स्थिति प्रमाणित गर्नका लागि एक वा दुई अतिरिक्त मूल्याँकनहरूको आवश्यकता हुन्छ। उस/उनको विशिष्ट परीक्षण तालिकाका लागि आफ्नो बच्चाको स्कूलमा परामर्श गर्नुहोस।

### अगस्ट

| आ | सो | मं | वु | वि | शु | श |
|---|---|---|---|---|---|---|
| | | | | | | १ |
| २ | ३ | ४ | ५ | ६ | ७ | ८ |
| ९ | १० | ११ | १२ | १३ | १४ | १५ |
| १६ | १७ | १८ | १९ | २० | २१ | २२ |
| २३ | २४ | २५ | २६ | २७ | २८ | २९ |
| ३० | ३१ | | | | | |

### सेप्टेम्बर

| आ | सो | मं | वु | वि | शु | श |
|---|---|---|---|---|---|---|
| | | १ | २ | ३ | ४ | ५ |
| ६ | ७ | ८ | ९ | १० | ११ | १२ |
| १३ | १४ | १५ | १६ | १७ | १८ | १९ |
| २० | २१ | २२ | २३ | २४ | २५ | २६ |
| २७ | २८ | २९ | ३० | | | |

### अक्टोबर

| आ | सो | मं | वु | वि | शु | श |
|---|---|---|---|---|---|---|
| | | | | १ | २ | ३ |
| ४ | ५ | ६ | ७ | ८ | ९ | १० |
| ११ | १२ | १३ | १४ | १५ | १६ | १७ |
| १८ | १९ | २० | २१ | २२ | २३ | २४ |
| २५ | २६ | २७ | २८ | २९ | ३० | ३१ |

### अप्रिल

| आ | सो | मं | वु | वि | शु | श |
|---|---|---|---|---|---|---|
| | | | | | १ | २ |
| ३ | ४ | ५ | ६ | ७ | ८ | ९ |
| १० | ११ | १२ | १३ | १४ | १५ | १६ |
| १७ | १८ | १९ | २० | २१ | २२ | २३ |
| २४ | २५ | २६ | २७ | २८ | २९ | ३१ |

### मे

| आ | सो | मं | वु | वि | शु | श |
|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| ८ | ९ | १० | ११ | १२ | १३ | १४ |
| १५ | १६ | १७ | १८ | १९ | २० | २१ |
| २२ | २३ | २४ | २५ | २६ | २७ | २८ |
| २९ | ३० | ३१ | | | | |

**सूचक**
शरद (फल) के–१२
शरद (फल) किन्डरगार्टन विस्तार
वसन्त (स्प्रिङ) के–१२

## मेरो बच्चाको प्राप्ताङ्कले के अर्थ राख्छ ?

तपाईंको बच्चाले पढाइमा कति राम्रो प्रगति गरिरहेको छ भन्ने कुराको सिङ्गो प्रमाण डिआरए२ प्राप्ताङ्क हो। यस मूल्याँकनले निम्न कुरामा आधारित तपाईंको बच्चाको पढाइ तह मापन गर्दछ :

- पढाइ संलग्नता : कक्षाकोठादेखि बाहिर तपाईंको बच्चाले किताबहरूसँग कसरी अन्तरक्रिया गर्दछ
- तीक्ष्णता : शब्दहरू र वाक्यहरू कति राम्ररी पढ्छन्
- बोध : तपाईंको बच्चाले आफूले पढेको कुरा कति राम्ररी बुझ्दछन्

## यी प्राप्ताङ्कहरूलाई कसरी प्रयोग गरिन्छन् ?

डिआरए२ एउटा मूल्यवान तथ्याङ्क पोइन्ट हो जसलाई शिक्षकहरूले शिक्षणलाई मार्गदर्शन र सुधार्न प्रयोग गर्दछन्। डिआरए२ प्राप्ताङ्कहरू सुधार आवश्यक देखिएका पढाइ सीपहरू पहिचान गर्न, विद्यार्थीहरूका लागि पढाइको लक्ष्य तय गर्न, र तपाईंको बच्चाले आफूले पढ्न सक्ने गरी पढिरहेको छ कि छैन पहिचान गर्न प्रयोग गर्न सकिन्छ।

## अतिरिक्त जानकारी

हामी तपाईंलाई आफ्नो बच्चाको शिक्षामा र डिआरए२ मूल्याँकनका लागि तयारीमा संलग्न हुन प्रोत्साहित गर्दछौं। आफ्नो बच्चालाई घरमा मद्दत गर्न सकिने तरिकाहरू लागि आफ्नो बच्चाको शिक्षकसँग सम्पर्क गर्न कृपया नहिचकिचाउनुहोस्।

हामी तपाईंलाई निम्न कुराहरू सामेल भएको सहयोगी जानकारीका लागि http://standards.dpsk12.org/assesments/ मा जान प्रोत्साहित गर्दछौं :

- प्रविधि बारे अभिभावक मार्गदर्शन
- अंग्रेजी सिकारूहरूका लागि जानकारी
- कोलोराडो राज्य स्रोतहरू

यदि तपाईंसँग मूल्याँकनहरूबारे प्रश्नहरू वा चासोहरू भए कृपया आफ्नो बच्चाको स्कुलमा सोझै सम्पर्क राख्न नहिचकिचाउनुहोस् वा (७२०)४२३-३०५४ मा परिवार कन्सिच्युएन्सी सेवाहरूलाई फोन गर्नुहोस्।